'समानो मन्त्रः समितिः समानी'

# UNIVERSITY OF NORTH BENGAL

B.A. Programme 5th Semester Examination, 2022

## DSE1/2-P1-NEPALI

Time Allotted: 2 Hours | Full Marks: 60

**The question paper contains DSE-1A and DSE-1B.**
**The candidates are required to answer any *one* from *two* Courses.**
**Candidates should mention it clearly on the Answer Book.**

## DSE-1A

### नेपाली साहित्यिक पत्रकारिता

### समूह-क

1. तलका कुनै चारवटा प्रश्नको उत्तर लेख्नुहोस् – 3×4 = 12

(क) साहित्यिक पत्रकारिता भन्नाले के बुझिन्छ ?

(ख) भारतबाट प्रकाशित पहिलो नेपाली पत्रिका कुन हो र यसका सम्पादक को हुन् ?

(ग) 'चन्द्रिका' पत्रिका कहिले औ कहाँबाट प्रकाशित भएको थियो ?

(घ) 'गोर्खापत्र' कसको सम्पादनमा कहिले र कहाँबाट प्रकाशित भएको हो ?

(ङ) 'सुन्दरी' पत्रिका कुन सालमा प्रकाशित भएको थियो ? यसले साहित्यको कुन विधालाई प्राथमिकता दिएको थियो ?

(च) 'शारदा' पत्रिकामा लक्ष्मीप्रसाद देवकोटाको पहिलो निबन्ध कहिले प्रकाशित भएको थियो ? उक्त निवन्धको नाम लेख्नुहोस्।

### समूह-ख

2. तलका कुनै चारवटा प्रश्नको समीक्षात्मक टिप्पणी लेख्नुहोस् – 6×4 = 24

(क) 'सुन्दरी' पत्रिकाको साहित्यिक योगदान।

(ख) नेपाली निबन्धको विकासमा 'चन्द्रिका' पत्रिका योगदान।

(ग) सम्पादकको रूपमा पादरी गङ्गाप्रसाद प्रधानको योगदान।

(घ) माध्यमिक कालीन नेपाली साहित्यको विकासमा 'माधवी' पत्रिकाको योगदान।

(ङ) 'खोजी' पत्रिकाको साहित्यिक महत्त्व।

(च) 'नेबुला'–को अर्थ र यसका साहित्यिक योगदान।

### समूह-ग

3. कुनै दुईवटा प्रश्नको उत्तर लेख्नुहोस् – 12×2 = 24

(क) नेपाली साहित्यको विकासमा 'दियालो' पत्रिकाको योगदानबारे चर्चा गर्नुहोस्।

(ख) नेपाली साहित्यको विकासमा पत्र-पत्रिकाको योगदानबारे एउटा लेख लेख्नुहोस्।

(ग) आधुनिक नेपाली साहित्यको विकासमा 'शारदा' पत्रिकाले पुऱ्याएको योगदानमाथि प्रकाश पार्नुहोस्।

(घ) साहित्यिक पत्रकारिताको अर्थ, परिभाषा, प्रकृति र विशेषताबारे चर्चा गर्नुहोस्।

## DSE-1B

### भारतीय नेपाली साहित्य र साहित्यकार

### समूह-क

1. तलका कुनै चारवटा प्रश्नको उत्तर लेख्नुहोस् – $3\times4 = 12$

(क) पहिलो भारतीय नेपाली आधुनिक उपन्यास कुन हो ? यसका उपन्यासकारका नाम लेख्नुहोस्।

(ख) भारतीय नेपाली चारजना कविको नाम लेख्नुहोस्।

(ग) भारतीय नेपाली साहित्यमा 'जातीय कवि' कसलाई र किन भनिएको हो ?

(घ) रामकृष्ण शर्माको तीनवटा निबन्ध सङ्ग्रहको नाम लेख्नुहोस्।

(ङ) रूपनारायण सिंहको पहिलो कथा कुन हो ? यो कथा कहिले प्रकाशित भएको थियो ?

(च) 'अपतन'–को अर्थ के हो ? यसको आशय स्पष्ट पार्नुहोस्।

### समूह-ख

2. तलका कुनै चारवटा विषयमा समीक्षात्मक टिप्पणी लेख्नुहोस् – $6\times4 = 24$

(क) आधुनिक भारतीय नेपाली कथा।

(ख) 'रातभरि हुरी चल्यो' कथाको मूलभाव।

(ग) 'हास्य' निबन्धको उद्देश्य।

(घ) 'वितेका कुरा' कथाको विषयवस्तु।

(ङ) समालोचक रामकृष्ण शर्मा।

(च) 'याद' खण्डकाव्यको भाव।

### समूह-ग

3. कुनै दुईवटा प्रश्नको उत्तर लेख्नुहोस् – $12\times2 = 24$

(क) भारतीय नेपाली साहित्यको विकासबारे एउटा लेख लेख्नुहोस्।

(ख) रूपनारायण सिंहको कथाकारिताबारे चर्चा गर्दै उनको 'बितेका कुरा' कथाको समीक्षा गर्नुहोस्।

(ग) इन्द्रबहादुर राईको परिचय दिँदै उनको 'घोषबाबु' कथाको विवेचना गर्नुहोस्।

(घ) कवि अगमसिंह गिरीको काव्य प्रवृत्तिबारे चर्चा गर्दै 'याद' खण्डकाव्यको विश्लेषण गर्नुहोस्।

——×——